नीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धादिङबेसी ,धादिङ

प्रदेश नं. ३

## 4WD Hardtop Jeep तथा मोटरसाइकल आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०७४/१०/१५ गते)

१) यस कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेख यान्त्रिक उपकरणहरु सप्लाई गर्न इच्छुक र इजाजतप्राप्त फर्म/कम्पनी/संस्थाले देहायबमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको छुट्टाछुट्टै बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसायदर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनीदर्ताको प्रमाणित प्रमाणपत्र, मूल्यअभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादकफर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को तपसिलमा उल्लेख बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार छुट्टाछुट्टै बोलपत्र फारम यस कार्यालयबाट वा www.bolpatra.gov.np/egp मा पनि उपलब्ध गराइने छ।

३) खरिद गरिएका बोलपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ।

४) बोलपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको नाममा राष्टिय वाणिज्य वैक धादिङ वेशीमा रहेको धरौटी खाता **१०३०३०३००७१०२** मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्रबुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ।

५)दर्ता हुनआएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

६)प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्रउपर कुनै कारवाही गरिने छैन। वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमाबुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७)बोलपत्र सम्बन्धी अन्यशर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

९)अन्य कार्यविधिहरु स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४, सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४(संशोधित), अनुसार हुनेछ।

१०) 4WD Hardtop Jeep को हकमा e-Bid मात्र लागु हुनेछ।

११) बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस नगरपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ।

| **बोलपत्र/ठेक्का नं.** | **सामान/उपकरणको नाम** | **आवश्यक संख्या** | **बोलपत्रफारम दस्तुर रु.** | **जमानत रकम** |
|---|---|---|---|---|
| ०२/२०७४/०७५ | 4WD Hardtop Jeep (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | १,६०,०००। |
| ०३/२०७४/०७५ | Motorcycle 150 cc category (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १० (दश) | ३,०००/- | ७५,०००। |

प्रमुख प्रशासकिय अधिकृत